**AUSTRALIAN EMBASSY**
**KATHMANDU**

**JANUARY 21, 2011**

## नेपाल नेत्रहीन संघलाई अष्ट्रेलियालि सहयोग

आज 21 जनवरी 2011, शुक्रबार, अष्ट्रेलियालि दुतावासका सहायक प्रमुख श्री डेमियन डनले नेपाल नेत्रहीन संघलाई ग्राफिक प्रिन्टर, कम्प्युटर र जेनेरेटर हस्तान्तरण गर्नुभयो ।

दुतावासले प्रत्यक्ष सहयोग कार्यक्रम 2010-11 अन्तर्गत, सो संस्थालाई दृष्टि विहीनहरुलाई शिक्षा कार्यक्रम संचालनकालागि नेरु 19,55,000 (अष्ट्रेलियालि डलर 28,6000) सहयोग प्रदान गरेको थियो ।

सहयोगका माध्यमबाट सो संस्थाले नेपाली भाषा लिपिलाई आवाजमा बदल्ने सफ्टवेर निर्माण गरेको छ । नेपाल नेत्रहीन संघले प्राथमिक तहको पाठ्य पुस्तक ब्रेल लिपिमा छाप्ने प्रकृया थालेको छ र सो काममा चित्रलाई ब्रेल लिपिमा खोप्ने प्रिन्टर, कम्प्युटर र जेनेरेटर पनि यसै सहयोग मार्फत खरिद गरेको छ । यस बाहेक संघले क्याम्पस तहका मानविकी र शिक्षा संकायका सुन्ने पाठ्य पुस्तकहरु पनि तयार गर्दैछ ।

यस वर्ष प्रत्यक्ष सहयोग कार्यक्रम अन्तर्गत दुतावासले 10 परियोजनाहरु लाई करीब 1 करोड 14 लाख बराबरको आर्थिक सहयोग प्रदान गरेको छ ।

अस्ट्रेलियाली सरकारले आर्थिक वर्ष 2010-11 को लागि नेपालको लागि विकास सहयोग अन्तर्गत 1.25 अर्व रुपैयाको सहयोगको घोषणा गरेको छ ।

- अन्त्य

Australian Embassy, P.O. Box 879, Bansbari, Kathmandu, NEPAL
Telephone: 977 1 4371 678 Facsimile: 977 1 4371 533
Website: www.nepal.embassy.gov.au